# जानकी गाउँपालिकाको विनियोजन ऐन, २०७७

**जानकी गाउँपालिकाको बाँकेक आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति:२०७७।०३।३०

**प्रस्तावना :** जानकी गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम जानकी गाउँपालिका सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " जानकी गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७७।०७८को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार:** (१) आर्थिकवर्ष २०७७।०७८ को निमित्त गाउँकार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६९३६०४३००।- (अक्षेरुपी उनानसत्तरी करोड ५तीस लाख चार हजार तीन सय रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन: (१)** यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त जानकी गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुनें र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | पालिका स्तरिय योजना | ८४५०० | २२२९५.४२२ | ० | ३०७४५४.२२ | |
| २ | | वडा स्तरीय बजेट | ३६५०० | ३००० | ० | ३९५०० | |
| ३ | | वन वातावरण तथा विपत व्यवस्थापन तर्फ | २००० | ० | ० | २००० | |
| ४ | | स्वास्थ्य तर्फ | ६००० | ० | ० | ६००० | |
| ५ | | शिक्षा युवा तथा खेलकुद | ५८०० | ० | ० | ५८०० | |
| ६ | | महिला तथा बालबालिका तर्फ | १५०० | ० | ० | १५०० | |
| ७ | | कृषि तर्फ | १०००० | ४००० | ० | १४००० | |
| ८ | | पशु तर्फ | ५००० | ० | ० | ५००० | |
| ९ | | सहकारी तथा स्वरोजगार | ६०० | ० | ० | ६०० | |
| १० | | कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोष | ३००० | ० | ० | ३००० | |
| | | जम्मा | १५४९०० | २९२९५.४२२ | | ३८४८५४.३०० | |
| | | | | | | | |

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खजुराखुर्द, ५ नं. प्रदेश, २०७३

राम निवास यादव
गा.पा.अध्यक्ष

२८